प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प. स. ०७९।०८०
च.नं. १९६८

मितिः२०८०।०३।१३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः नीति तथा कार्यक्रम, बजेट पारित भएको सम्बन्धमा ।

यस प्रतापपुर गाउँपालिकाको आ.ब. ०८०।०८१ को १४ औ गाउँ सभा मिति २०८०।०३।०४ गते शुरु भई नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम र गाउँपालिकाको नीतिगत निर्णयहरु मिति २०८०।०३।०७ गते को गाउँ सभाबाट पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकिय अधिकृत

आज मिति २०८० जेठ २६ गते शुक्रवारका दिन प्रतापपुर गाउँपालिकाको अध्यक्ष श्री उमेशचन्द्र यादव ज्यू को अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका विषयमा छलफल गरी तपसिलका निर्णयहरू गरियो।

उपस्थिति बैठक संख्या :- समयः-

क्र.सं.	नाम थर	पद	हस्ताक्षर
१	श्री उमेशचन्द्र यादव	अध्यक्ष	
२	श्री मान कुमारी चौधरी	उपाध्यक्ष	
३	श्री महेन्द्र बहादुर थारु चौधरी	वडा अध्यक्ष वडा नं. १	
४	श्री राम नरेश अहिर यादव	वडा अध्यक्ष वडा नं. २	
५	श्री ऋषि देव दास	वडा अध्यक्ष वडा नं. ३	
६	श्री जन्त्री प्रसाद बरई	वडा अध्यक्ष वडा नं. ४	
७	श्री रमेश कानु बनिया	वडा अध्यक्ष वडा नं. ५	
८	श्री केशव प्रसाद अधिकारी	वडा अध्यक्ष वडा नं. ६	
९	श्री हरेन्द्र यादव	वडा अध्यक्ष वडा नं. ७	
१०	श्री संतोष राजभर	वडा अध्यक्ष वडा नं. ८	
११	श्री जयकिशुन चौधरी	वडा अध्यक्ष वडा नं. ९	
१२	श्री खेम नारायण चौधरी	कार्यपालिका सदस्य	
१३	श्री छबिलाल प्रसाद हरिजन	कार्यपालिका सदस्य	
१४	श्री आशा देवी दुसाध	कार्यपालिका सदस्य	आसा
१५	श्री गीता यादव	कार्यपालिका सदस्य	गिता
१६	श्री शुभावती देवी पासी	कार्यपालिका सदस्य	
१७	श्री सावित्री मुसहर	कार्यपालिका सदस्य	सावित्री
१८	श्री चिरन्जिबि घिमिरे	प्रमुख प्रशासकीय अधिकृत	

प्रस्तावहरु :-

१. गुठिसूर्यपुरा स्वास्थ्य चौकीमा निशुल्क गर्भपतन सेवा (औषधिको प्रयोग विधिबाट) सुचारु गर्न अनुमति दिने सम्बन्धमा ।
२. आगामी आ.ब. २०८०।८१ को १४ औं. गाउँसभा सम्बन्धमा ।
३. आगामी आ.ब. २०८०।८१ को लागि बजेट सिमा तथा बजेट सिलिङ्ग र मार्ग दर्शन सम्बन्धमा ।
४. बिबिध ।

उमेश चन्द्र यादव
अध्यक्ष



५. चौधौ गाउँसभाको लागि छलफलको कार्यसूचीहरुएवम् प्रस्तावहरु।
६. उच्च शिक्षामा प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको लागि शैक्षिक छात्रवृत्ति सम्बन्धमा ।
७. ज्यालादारीमा नर्सिंग स्वास्थ्यकर्मी राख्ने सम्बन्धमा ।

<u>निर्णयहरूः-</u>

यस प्रतापपुर गाउँ कार्यालयपालिकाको बैठकमा माथी पेश भएका प्रस्तावहरूमा क्रमशः व्यापक छलफल गरी कार्यान्वयनका लागि देहाय बमोजिमको निर्णय गरियो ।

१. यस प्रतापपुर गाउँपालिका वडा नं.७ मा अवस्थित गुठि सूर्यपुरा स्वास्थ्य चौकीको मिति २०८०/०१/१३ च.नं. १४२ को पत्रअनुसार त्यस संस्थामा निशुल्क गर्भपतन सेवा (औषधिको प्रयोग बिधि) बाट संचालन गर्नका लागि "सुरक्षित गर्भपतन सेवा कार्यक्रम, कार्यविधि निर्देशिका २०७३" को अनुसूची ३ बमोजिम निवेदन सहित स्वीकृती माँग भई आएकोमा मिति २०८०/०२/१२ गतेको यस प्रतापपुर गाउँपालिकाको स्वास्थ्य शाखाको तर्फबाट गरिएको संस्थाको अवलोकन बाट उक्त स्वास्थ्य संस्थामा सो सम्बन्धि तालिम प्राप्त स्वास्थ्यकर्मी उपलब्ध भएको र आवश्यक पूर्वाधारको समेत व्यवस्था भएकोले उक्त स्वास्थ्य चौकीलाई सो सेवा संचालन गर्न स्वीकृति प्रदान गर्न मनासिब देखिएकोले स्वीकृति दिने ।
२. यस प्रतापपुर गाउँपालिकाको १४ औं गाउँसभा २०८० असार ०४ गतेको लागि आव्हान गरि शुरु गर्ने र मिति २०८० असार ०४ गते सोमबारका दिन आगामी आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र २०८० असार ०७ गते शुक्रवार आगामी आ.व. २०८०/०८१ को लागि बजेट प्रस्तुति, छलफल र पारित गर्ने ।
३. यस प्रतापपुर गाउँपालिकामा आ.ब. २०८०/०८१ का लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुसार विभिन्न विषयगत क्षेत्र, क्रमागत योजना, दायित्व सिर्जना भएका योजनालाई आधारमानी यस गाउँपालिकाबाट आगामी आ.व. ०८०/८१ को लागि आय तथा व्यय तथा श्रोत अनुमान (बजेटको कुल सीमा) निर्धारण देहाय अनुसार आगामी आ.ब. र त्यसपछिको २ वर्षको प्रक्षेपण गरि गाउँ कार्यपालिकाको बैठक मार्फत गाउँ सभामा अनुमोदनका लागि यस कार्यपालिकामा पेश भएको देहायको बजेट सिमा तथा बजेट सिलिङ्ग र मार्गदर्शन अनुसार वडा, टोल बस्तीमा गई प्राथमिकताका आधारमा कार्यक्रमहरु गाउँपालिकामा पेश गर्ने ।

प्रतापपुर गाउँपालिका आ.व.२०८०/८१		
आय तर्फ		
क्र.स.	अनुदान विवरण	रकम
१	**संघीय सरकार अनुदान**	५३,१३,५७,०००/-
क	समानीकरण अनुदान	१३,४४,००,०००/-
ख	राजस्व बाडफाड	१०,३८,५७,०००/-
ग	शर्शत रकम चालु	२५,३४,००,०००/-
घ	शर्शत रकम पुजिगत	२,४७,००,०००/-

उमेश बहादुर आचार्य
अध्यक्ष

ङ	विशेष अनुदान आयुर्वेद भवन	७०,००,०००/-
च	समपुरक अनुदान प्रतापपुर चक्रपथ	८०,००,०००/-
२	प्रदेश सरकार अनुदान	१,५९,६७,०००/-
क	समानीकरण अनुदान	९९,६७,०००/-
ख	राजस्व बाडफाँड (सवारी साधन कर)	६०,००,०००/-
ग	शर्शत रकम	आउन बाँकि
३	आन्तरिक आम्दानी	१५,३४,७६,०००/-
क	राजस्व	४,४७,३३,०००/-
ख	नगद मौज्दात	१०,८७,४३,०००/-
	जम्मा	७०,०८,००,०००/-

व्यय तर्फ

क.स.	खर्च शिर्षक	रकम
१	संघीय सरकार शर्शत अनुदान तर्फ	
क	शर्शत रकम चालु	२५,३४,००,०००/-
ख	शर्शत रकम पुजिगत	२,४७,००,०००/-
ग	विशेष अनुदान आयुर्वेद भवन	७०,००,०००/-
घ	समपुरक अनुदान प्रतापपुर चक्रपथ	८०,००,०००/-
२	प्रदेश सरकार शर्शत अनुदान तर्फ	आउन बाँकि
३	गाउँपालिक अनुदान तर्फ	
३.१	समपुरक कोष	२,००,००,०००/-
३.२	वडा कार्यालय सिलिङ प्रति वडा ८५ लाख	७६५००००/-
३.३	सस्थागत विकास	८४००००/-
३.४	कार्यालय संचलान तथा प्रशासनिक खर्च	१०५५००००/-
३.५	बिषयगत समिति/शाखा	
क	कृषि विकास शाखा	१४५००००/-
ख	पशु विकास शाखा	५०००००/-
ग	शिक्षा विकास शाखा	३१५००००/-
घ	स्वास्थ्य शाखा	१५७००००/-
ङ	आयुर्बेद शाखा	२०००००/-
च	लघु उधमशीलता	५००००/-
छ	सामाजिक समावेशीकरण	८६००००/-
ज	महिला तथा बालबालिका विकास शाखा	२०००००/-
झ	मेलापर्व र संस्कृति	१५००००/-
ञ	न्यायिक समिति	२००००/-
३.६	पूर्वाधार तर्फ	

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

क	सडक तथा पुल पुलेसा	२०५००००/-
ख	भवन	३३५००००/-
ग	खानेपानी तथा WASH	१५००००/-
घ	सिंचाई	४५००००/-
ङ	पर्यटन	२५००००/-
च	सोलार/सडक बत्ती निर्माण	४५००००/-
३.७	अन्य खर्च	
क	मर्मत सम्भार खर्च	३५००००/-
३.८	वातावरण तथा बिपद	३५००००/-
३.९	थप पुर्बाधार	४०००००००/-
	जम्मा	७०,०८,००,०००/-

४. यस प्रतापपुर गाउँपालिकाको निर्णय नं. २ अनुसार चौधौं गाउँ सभा २०८० आषाढ ४ गते देखि शुरु गर्ने निर्णय भए अनुसार देहायका कार्यसूची र प्रस्तावहरु चौधौ गाउँ सभामा पेस गर्ने ।

१. २०८०।०३।०४ गते छलफलको कार्यसूची एवम् प्रस्तावहरु।

क. आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत ।

ख. आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रममा छलफल ।

ग. आ.ब. ०८०।०८१ को आर्थिक विधेयक प्रस्तुत ।

घ. आ.ब. ०८०।०८१ को विनियोजन विधेयक प्रस्तुत र आ.ब. ०८०।०८१ को बजेट वितरण ।

ङ. चौधौं गाउँसभाको पहिलो सत्रको पहिलो बैठक समापन ।

२. २०८०।०३।०५ देखि ६ गते सम्म विभिन्न छलफलहरु र विषयगत समितिमा छलफल तथा प्रस्ताव लेखन कार्य गरिने ।

३. २०८०।०३।०७ गते छलफलको कार्यसूची एवम् प्रस्तावहरु।

क. आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम र विनियोजन विधेयक प्रस्तुत ।

ख. आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रममा छलफल ।

ग. आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत ।

घ. आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम पारित गर्ने ।

ङ. आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत ।

च. आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम पारित गर्ने ।

छ. चौधौं गाउँसभाबाट पारित भएको आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम, आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम र आ.ब. ०८०।०८१ को नीतिगत निर्णयहरु प्रमाणीकरण ।

ज. चौधौं गाउँसभाको समापन तथा अभिलेखीकरण ।

५. यस प्रतापपुर गाउँपालिकाबाट शैक्षिक सामग्री प्रयोग गर्नको लागि सहयोग गर्ने उद्धेश्यले नेपाल भित्रकै कलेजहरुमा प्राविधिक शिक्षा अध्ययन गरिरहेका तपसिल अनुसारका विद्यार्थीलाइ शिक्षा शाखाको शैक्षिक छात्रवृत्ति शीर्षकबाट देहाय अनुसारको उल्लेख छात्रवृत्ति प्रदान गर्ने ।

अध्यक्ष

आज मिति २०८० साल आषाढ ७ गते विहिबारका दिन प्रतापपुर गाउँपालिकाको गरिमामय चौधौं गाउँसभामा गाउँसभाका अध्यक्ष श्री उमेश चन्द्र यादव ज्यूको अध्यक्षतामा चौधौं गाउँसभा बसि तपसिलका सभा सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरू उपर छलफल गरि गाउँसभाबाट पारित गर्ने निर्णय गरियो।

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (बर्दघाट) लुम्बिनी प्रदेश, नेपाल

क्र.स.	नाम थर	पद	दस्तखत	कैफियत
१	श्री उमेश चन्द्र यादव	सभा अध्यक्ष		
२	श्री मान कुमारी चौधरी	सभा उपाध्यक्ष		
३	श्री महेन्द्र बहादुर थारु चौधरी	सभा सदस्य		
४	श्री कल्पना चौधरी	सभा सदस्य		
५	श्री आसा देवी दुसाध	सभा सदस्य		
६	श्री किशोर गौतम दमै	सभा सदस्य		
७	श्री शोभा कुमार चौधरी	सभा सदस्य		
८	श्री राम नरेश अहिर यादव	सभा सदस्य		
९	श्री चमेली कुमारी थारु	सभा सदस्य		
१०	श्री सरस्वती कुमारी चमार	सभा सदस्य		
११	श्री अर्जुन प्रसाद चौधरी	सभा सदस्य		
१२	श्री मकवुल मिया	सभा सदस्य		
१३	श्री ऋषि देव दास	सभा सदस्य		
१४	श्री विन्दु देवी चौधरी	सभा सदस्य		
१५	श्री भुखली देवी चमार	सभा सदस्य		
१६	श्री अब्दुल हकीम चुरिहार	सभा सदस्य		
१७	श्री गिता यादव	सभा सदस्य		
१८	श्री जन्त्री प्रसाद बरई	सभा सदस्य		

१९	श्री संगिता कुमारी अहिर	सभा सदस्य	संगीता	
२०	श्री मन्जु कुमारी चमार	सभा सदस्य	मन्जु	
२१	श्री राधेश्याम यादव	सभा सदस्य		
२२	श्री हरिलाल लोनिया	सभा सदस्य	हरिलाल	
२३	श्री रमेश कानु बनिया	सभा सदस्य		
२४	श्री हिरमती देवी चमार	सभा सदस्य	हिरमती	
२५	श्री सुभावती देवी पासी	सभा सदस्य		
२६	श्री मोविन अन्सारी	सभा सदस्य	मोविन	
२७	श्री श्याम नारायण कुर्मी	सभा सदस्य		
२८	श्री केशव प्रसाद अधिकारी	सभा सदस्य		
२९	श्री आरती देवी गुप्ता (तेली)	सभा सदस्य	आरती	
३०	श्री निता देवी हरिजन	सभा सदस्य	निता	
३१	श्री अवधेश यादव	सभा सदस्य		
३२	श्री कन्हैया कुमार हरिजन	सभा सदस्य		
३३	श्री हरेन्द्र यादव	सभा सदस्य		
३४	श्री रोमा पंजियार	सभा सदस्य	रोमा	
३५	श्री सावित्री मुसहर	सभा सदस्य	सावित्री	
३६	श्री ध्रुव नारायण चौधरी	सभा सदस्य		
३७	श्री हरिराम पासी	सभा सदस्य		
३८	श्री संतोष राजभर	सभा सदस्य		
३९	श्री सिमा मल्लाह	सभा सदस्य	सिमा	
४०	श्री सोना देवी चमार	सभा सदस्य	सोना	
४१	श्री जय कुमार विन	सभा सदस्य		

प्रतापपुर गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.)
तहसिल: देवचुली, नेपाल

४२	श्री गया अहिर	सभा सदस्य		
४३	श्री जयकिशुन चौधरी	सभा सदस्य		
४४	श्री इन्द्रावती पंजियार	सभा सदस्य		
४५	श्री विमला हरिजन	सभा सदस्य		
४६	श्री राम प्रसाद यादव	सभा सदस्य		
४७	श्री विरेन्द्र कुमार चौधरी	सभा सदस्य		
४८	श्री छबिलाल प्रसाद हरिजन	सभा सदस्य		
४९	श्री खेम नारायण चौधरी	सभा सदस्य		
५०	श्री चिरन्जिवी घिमिरे	सदस्य सचिव		
प्रस्तावहरु				
१. २०८०।०३।०७ गते छलफलको कार्यसूची एवम् प्रस्तावहरु।				
क.	आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत ।			
ख.	आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रममा छलफल ।			
ग.	आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत ।			
घ.	आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम पारित गर्ने ।			
ङ.	आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत ।			
च.	आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम पारित गर्ने ।			
छ.	चौधौं गाउँसभाबाट पारित भएको आ.ब. ०८०।०८१ को नीति तथा कार्यक्रम, आ.ब. ०८०।०८१ को बजेट तथा कार्यक्रम र आ.ब. ०८०।०८१ को नीतिगत निर्णयहरु प्रमाणीकरण ।			
ज.	चौधौं गाउँसभाको समापन तथा अभिलेखीकरण ।			

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.गु.प.)
लुम्बिनी प्रदेश, नेपाल

चौधौ गाँउ सभा २०८०/०३/०७ गते पेश्तुत गर्ने बजेट, कार्यक्रम तथा आयोजना

सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्युहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

कोरोना कालमा भएको लकडाउन र विश्वव्यापि युद्ध लगायत अन्य कारणवाट सिर्जित प्रतिकुल आर्थिक अवस्थमा यस सम्मानित सभामा आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरेको छु ।

आ.ब. २०८०/०८१ को बजेट सँगै प्रतापपुर गाउँपालिकाको लागि आय ब्यय विवरण सहितको **आर्थिक ऐन २०८०, विनियोजन ऐन २०८०** सभाबाट अध्यक्ष ज्युवाट संशोधन प्रस्ताव पेश भई सकेको हुनाले सो अनुसार मैले बजेट प्रस्तुत गरेको छु ।

"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास" भन्ने मुख्य सोचका साथ सम्पन्न हुन गइरहेको प्रतापपुर गाउँपालिकाको १४औं गाउँसभाको अवसरमा देश र जनताको लागि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन, लोकतन्त्रको स्थापना तथा आमुल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दै आएका क्रान्ती, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायत सवै प्रकारका आन्दोलनका त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने अमर शहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु।

विभिन्न कारण विश्वकै अर्थतन्त्र जोखिम अवस्थामा चलिरहेको बेला हाम्रो अर्थतन्त्र पनि गम्भिर रुपमा प्रभावित भएको छ । उत्पादनको क्षेत्र, रोजगारिको क्षेत्र, व्यापार व्यवसायको क्षेत्र लगायत सवै क्षेत्र प्रभावित भएका छन् । यसबाट साना ठुला धेरैको रोजगारी गुमेको अवस्था छ । राज्यको आम्दानी घटेसंगै गाँउपालिकालाइ प्राप्त हुने अनुदानमा पनि कमि आएको र गाँउपालिकाको आन्तरिक आम्दानी पनि घटेको परिस्थितिमा जनताका चाहाना पुरा गर्ने गरि बजेट व्यवस्थापन गर्न चुनौतिपुर्ण भएकोछ ।

"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास" लाई सार्थक बनाउन हामी जन निर्वाचित जनप्रतिनिधिहरू एकताका साथ अगाडि बढ्दै प्रतापपुरको समग्र विकासमा जुट्नु आजको आवश्यक्ता हो ।बार्षिक बजेट प्रतापपुर गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो ।

जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदिओस् भन्ने हुन्छ ।तर साधन, स्रोतको सिमिततले असिमित आवश्यकता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकिकरण गर्दै एकिकृत बजेट तर्जुमा गरिएकोछ ।

विकासका लागि प्रचुर संभावना भएको यस प्रतापपुर गाउँपालिकामा विकासको संवाहकको प्रमुख स्रोत उर्वर भूमि र उर्जाशिल नागरिक नै हुन । यहाँ चुनौतिहरु पनि धेरै छन् । चुनौतिलाई अवसरमा बदल्दै चुनौतिहरुलाई सामना गर्नु नै हामी सबै जनप्रतिनिधिहरुको कर्तव्य हो ।

सुरेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिकाका चुनौति तथा समस्याहरु

- शिक्षा, स्वास्थ्य, पेशा ब्यवसाय तथा बेरोजगारी समस्या ।
- फोहरमैला ब्यवस्थापनको समस्या ।
- गुणस्तरीय पूर्वाधार विकास गर्ने समस्या ।
- सार्वजनिक सम्पत्ति संरक्षण गर्ने समस्या ।
- स्थानीय तहको अधिकारको अपब्याख्या गर्ने र गाउँपालिकाका कामहरुलाई बाधा पुऱ्याउने समस्या ।
- सिमित साधन स्रोतबाट जनताका अपेक्षा तथा आवश्यकता पुरा गर्नु पर्ने ।
- धनेत्रा, खजुरा र गण्डक नदीबाट कटान र डुवानले गर्दा आइपर्ने समस्या ।

प्रतापपुर गाउपालिकाका सम्भावना तथा अवसरहरु

- शिक्षा र स्वास्थ्य क्षेत्रको विकास गरी शैक्षिक तथा गुणस्तरिय स्वास्थ्यको अवसर बढाउन सकिने ।
- युवा परिचालन र परम्परागत सोचाइमा परिवर्तन ।
- कृषि क्षेत्रको प्रचुर सम्भावना ।
- जनप्रतिनिधिहरुको सकृयता र जनताको सार्थक सहभागितामा सार्वजनिक सम्पत्ति संरक्षण गरी सदुपयोग गर्न सकिने
- करका दायरा फराकिलो बनाउदै करका दरलाइ समसामयिक बनाएर आन्तरिक आय बृद्धि गरी क्रमश आत्मनिर्भर तर्फ जान सकिने ।
- विभिन्न नदी र खोलाहरुको दायाँ वायाँ बृक्षारोपण गरी सुन्दरिकरण गरी आकर्षक बनाउने र यी नदीहरुबाट सिचाइ सुविधा लिइ उत्पादन बढाएर ब्यवसायिकरण र बजारीकरण गरी आयआर्जन बढाउन सकिने ।
- चोर्निया घोला र बाउन्न गढीको पर्यटन विकास र चक्रपथ निर्माण तथा उद्योगहरु स्थापनाको ब्यापक सम्भावना रहेको ।

"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास" भन्ने मुल नाराका साथ प्रतापपुर गाउँपालिकाको बजेटमा दीर्घकालिन सोच सहित निम्न उद्देश्यहरू रहेका छन् ।

- **दिर्घकालिन सोच:**

  "हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास" ।

उदेश्यहरू

- ब्यवसायिक कृषि पेशा अबलम्वन गर्दै कृषकको लगानी कम गर्ने र यसबाट रोजगारी श्रृजना गर्ने ।
- गुणस्तरीय शिक्षामा जोड दिने र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउदै लैजाने ।
- भौतिक पूर्वाधार विकासमा बृद्धि गर्ने र चक्रपथ निर्माणलाई जोड दिने ।
- विपत ब्यवस्थापनलाई प्रभावकारी बनाउने र वातावरण संरक्षण र स्वच्छ खानेपानी, सरसफाईलाई प्रभावकारी बनाउने ।
- जेष्ठ नागरिक सम्मान साथै लक्षित बर्गको सशक्तिकरणमा जोड दिने ।

➢ संस्थागत विकास र सुशासन प्रबर्द्धन गर्ने ।

➢ समाबेशी र सन्तुलित विकास प्रबर्द्धन गर्ने ।

➢ राजस्वका दायराहरू फराकिलो बनाउने ।

आदरणीय सभासदस्य ज्युहरु,

अब म नेपालको संविधानको धारा २३० को उपधारा (१) को अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम प्रतापपुर गाउँपालिकको आर्थिक वर्ष २०८०/८१ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- आर्थिक वर्ष २०८०/८१ मा राजस्वको लक्ष्य रु २ करोड भएकोमा चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म राजस्व संकलन रु १ करोड २० लाख हुने संशोधित अनुमान रहेको छ । यो रकम कुल लक्ष्यको ६० प्रतिशत रहने आंकलन गरिएको छ ।
- चालु आर्थिक वर्षमा ससर्त, समपुरक र विषेश अनुदान सहित चालु खर्च तर्फ रु ४४ करोड ७८ लाख ४० हजार र पूंजीगत खर्च तर्फ रु २५ करोड ०९ लाख २४ हजार विनियोजन भएकोमा आषाढ मसान्त सम्म विनियोजित बजेटको ७५ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ ।
- आर्थिक वर्ष २०८०/८१ को लागि राजस्व परामर्श समितिको सिफारिसमा आन्तरिक आय कुल रु ४ करोड ४७ लाख ३३ हजारको लक्ष्य राखिएको छ । आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारबाट प्राप्त बजेट अख्तियारी अनुसार वित्तीय समानीकरण अनुदान तर्फ रु १३ करोड ४४ लाख, सशर्त तर्फ रु २७ करोड ८१ लाख, समपुरक अनुदान तर्फ ८० लाख, विषेश अनुदान तर्फ ७० लाख र राजस्व वाँडफाँड तर्फ रु १० करोड ३८ लाख ५७ हजार र प्रदेश सरकारबाट वित्तीय सामनीकरण अनुदान तर्फ रु ९९ लाख ६७ हजार राजश्व वाडफाँट तर्फ ६० लाख प्राप्त हुने अनुमान पेश गरेको छु । यसै चालु आर्थिक वर्षको विभिन्न कारण आषाढ मसान्त सम्म खर्च हुन नसकी बाँकी रहन जाने मौज्दात रकम रु १० करोड ८७ लाख ४३ हजार समेत गरि आर्थिक वर्ष २०८०/८१ को कुल बजेट रु ७० करोड ८ लाख हुने अनुमान गरेको छु ।
- आर्थिक वर्ष २०८०/८१ को ससर्त, समपुरक र विषेश अनुदान वाहेक कुल अनुमानित बजेट ४० करोड ७७ लाख मध्ये चालु खर्च तर्फ रु २० करोड ७५ लाख ६० हजार जुन कुल बजेटको ५०.९१ प्रतिशत र पूँजिगत खर्च तर्फ रु २० करोड १ लाख ४० हजार जुन कुल बजेटको ४९.०९ प्रतिशत विनियोजन गरिएको छु ।

क.आर्थिक विकास

१. कृषिलाई आर्थिक समृद्धीको मेरूदण्ड मान्दै "ब्यवसायिक कृषि पेशा अबलम्वन गरौं आत्म निर्भर बनौ " भन्ने उद्देश्यका साथ कृषिलाई ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट ब्यवस्था गरिएको छ । यसबाट कृषिमा ब्यवसायिकता बढ्ने र साना किसानको समेत जीवन स्तर उकास्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

२. आधुनिक कृषि प्रणाली मार्फत व्यवसायीकरण गर्न अर्गानीक खेती प्रणालीमा जोड दिने उदेश्यले "कृषि प्रयोगशाला निर्माण" गरी कार्यान्वयनमा ल्याइनेछ साथै कृषि तथा पशुजन्य उपजको संकलन र बिक्रीका लागि कृषि

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.)
लुम्बिनी प्रदेश, नेपाल

बजार केन्द्रहरु र चिस्यान केन्द्र निर्माण गरिने नीति अनुरुप कृषि प्रयोगसाला, चिस्यान केन्द्र र बजारिकरणका लागि बजेट विनियोजन गरेको छु ।

३. गाउँपालिकलाई केरा र ऊखु पकेट क्षेत्रको रुपमा विकास गर्न पहल गरिने छ र कृषकहरुका लागि केरा र उखुको उद्योग स्थापना गर्न सम्भव्यता अध्ययन गरिने छ । साथै उखु कृषकको लगानी कम गर्न उखु हार्भेसटिङ्ग मेशिन खरिद गर्न बजेट विनियोजन गरेको छु ।

४. युवाहरुलाई विदेश पलायन हुनबाट रोक्न युवा लक्षित गाई भैंसी पालन, बाख्रा पालन, कुखुरा पालन, मत्स्य पालन सम्बन्धी तालिमको व्यवस्था, विभिन्न अनुदानको व्यवस्था गरिने नीति अनुसार बजेटको व्यवस्था गरेको छु।

५. कृषकहरुको उत्पादनलाई असर पुर्‍याउने विभिन्न प्रकारका रोग, महामारी, परिजीवि व्यवस्थापन गर्न जनचेतना मुलक कार्यक्रम, शिविर, भेक्सीनेशन तथा उपचारका कार्यक्रमहरु संचालन गर्न प्रयास मात्रामा बजेटको व्यबस्था गरेको छु ।

६. कृषक परिचयपत्र, कृषि विद्युतीकरण, माटो प्रयोगशाला, बिउँमा अनुदान, कृषि तथा बाली संरक्षण कार्यक्रम, केरा क्षेत्रको विस्तार, व्यवसायिक तरकारी खेतिको लागि समेत बजेट विनियोजन गरेकोछु ।

कृषि र पशु विकासलाई प्राथमिकता दिदै सो क्षेत्रमा २ करोड विनियोजन गरेकोछु ।

७. युवाशक्तिमा रहेको व्यवसायिक प्रतिभाको पहिचान गरी उनीहरुको रुची र क्षमता अनुसार उद्यमी बनाई स्वरोजगार गराउँनका लागि उद्यमशिलता तथा सीपमूलक तालिमका लागि वजेटको ब्यवस्था गरेको छु ।

८. यस प्रतापपुर गाउँपालिकामा संघिय तथा प्रदेश सरकारको सहयोग र समन्यवमा उपयुक्त स्थानमा उद्योगग्राम स्थापनाका लागि पहल गरिनेछ ।

९. गाउँपालिका भित्र उद्यम विकासको सम्भाव्यता अध्ययन गरी गाउँपालिका भित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्रि वातावरण बनाउन लघुउद्यम कार्यक्रमलाई निरन्तरता दिएकोछु । लघुउद्यम कार्यक्रम मार्फत लघु उद्यमी तयार गर्न ससर्त अनुदानबाट बजेटको व्यवस्था गरिएको छ ।

१०. प्रदेश सरकार र संघीय सरकारसँग समन्वयमा चोर्नियाघोलालाई पर्यटकीय स्थलहरुको रुपमा विकसित गर्न आवस्यक वजेटको लागि माग गरेकोछु ।

११. यस गाउँपालिकाका नदी तथा खोलाबाट निर्माण सामाग्री उत्खनन् तथा संकलनको लागि आयठेक्का गरि आय वढाउन खोला तथा नदिहरुको आइ.इ.इ. का लागि वजेटको व्यवस्था गरेको छु।

आदरणीय सभासदस्य ज्युहरु,

आर्थिक विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी ४ करोड ९६ लाख १७ हजार मात्र विनियोजन गरिएको छ । त्यसबाहेक संघीय सरकाकर र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास लिएकोछु ।

ख. सामाजिक विकास सम्बन्धी कार्यक्रमहरुः

उमेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट सुस्ता पू.)
लुम्बिनी प्रदेश, नेपाल

१२.विद्यालयहरुमा शैक्षिक जनशक्ति कम भएको हुँदा गाउँपालिका भित्रका शैक्षिक बेरोजगारहरु मार्फत अध्यापन गराउने लगायतका गाउँपालिकाका विभिन्न क्रियाकलापमा रोजगारी दिने गरि **अध्यक्ष शैक्षिक बेरोजगार सम्बोधन कार्यक्रम** संचालन गर्नका लागि प्रयास बजेटको व्यवस्था गरेको छु ।

१३.प्रतापपुरको पन्चवर्षीय शिक्षा योजनाले राखेको **"हाम्रो ईच्छा, प्रतापपुरमा प्रविधियुक्त बहुआयामीक शिक्षा"** भन्ने ध्येयप्राप्त गर्न विद्यालय स्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै पठन पाठनलाई गुणस्तरीय एवं समयानुकुल बनाउन प्रत्येक विद्यालयका शिक्षकलाई ICT तालिम दिइने नीति अनुरुप बजेटको विजियोजन गरिएको छ ।

१४.कक्षा ८ र कक्षा ५ को परिक्षा व्यवस्थापन, प्राविधिक धारको शिक्षा संचालन, स्थानीय पाठ्यपुस्तक छपाई, विभिन्न छात्रवृति, विद्यालय व्यवस्थापन, अपाङ्ग विद्यार्थीहरुलाई निःशुल्क शिक्षा, शिक्षक सहयोग अनुदान, विद्यालय रङ्गरोगन र विद्युतीकरण, शैक्षिक सम्मान, विषयगत तालिम, खेलकुद र प्राथमिक तहको विद्यालय सुधार जस्ता कार्यक्रमलाइ निरन्तरता दिइ बजेटको व्यवस्था गरेकोछु ।

१५.उच्च महामारीको जोखिमबाट बचाउन बालबालिकाहरुको स्वास्थ्यलाई ध्यान दिदै प्रत्येक बिद्यालयहरुमा स्वास्थ्य शिक्षा तालिम संचालन गर्ने नीति ल्याइने छ र पालिका स्तरीय खेलकुदमा भाग लिने बालबालिकालाई निशुल्क ड्रेश उपलब्ध गराउन आवश्यक बजेट बिनियोजन गरिएको छ ।

समग्र शिक्षा विकासमा रु ३ करोड ५० लाख विनियोजन गरेकोछु ।

आदरणीय सभासदस्य ज्युहरु,

१६.आकस्मिक प्रसूति सेवालाई व्यवस्थित तथा थप जिम्मेवारी वनाउन वर्थिङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरिव तथा विपन्नको लागि लाग्ने एम्वुलेन्स खर्च गाउँपालिकाबाटै व्यहोर्ने गरि बजेट विनियोजन गरेकोछु र यसलाई दिगो बनाउन कोष स्थापना गरिनेछ ।

१७.गर्भवति महिलाले ८ पटक गर्भ जाँच गरेवापत स्वास्थ्य सस्थावाट क्यालिसियम तथा थप प्रोत्साहन र स्वास्थ्य उपचार गर्न नसक्ने विरामी, अति विपन्न नागरिक, हिसा पिडित महिला, कुपोषित वालवालिका लगायत नागरिकलाई राहत स्वरुप सहयोग प्रदान गर्न आर्थिक सहायता कोष स्थापनाका लागि समेत बजेटको व्यवस्था गरेको छु ।

१८.आयुर्वेद उपचारलाई व्यवस्थापन गरि विशेष कार्यक्रम संचालन गर्न र नसर्ने रोग व्यवस्थापनका लागि आयुर्वेद सेवालाई प्रत्येक स्वास्थ्य संस्थामा विस्तार गर्ने र योग, होमियोप्याथिक तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिहरुको संचालन गर्न बजेटको व्यवस्था गरेकोछु ।

१९.जेष्ठ नागरिक तथा अपांग असहाय नागरिकहरुलाई निशुल्क रुपमा आयुर्वेद उपचार र आयुर्वेद गाउँघर क्लिनिकलाई निरन्तरता दिएको छु ।

२०.दिर्घरोगीलाई सहायता, विभिन्न रोगको खोज पडताल, बर्थिङ सेन्टर संचालन, महामारी रोग नियन्त्रण, पोषण कार्यक्रम, औषधी खरिद, ब्याग इन ल्याब, आधारभुत अस्पतालको व्यवस्थापन, स्वास्थ्य बिमा लगायतमा बजेट विनियोजन गरेकोछु ।

यी सबै कार्यक्रम संचालनका लागि स्वास्थ्य तर्फ २ करोड बजेट विनियोजन गरेकोछु ।

उमेश चन्द्र यादव
अध्यक्ष

२१.सबै वडाका उदीयमान बजारहरुमा सरसफाईका लागि डस्टबिन वितरण र सुलभ शौचालय निर्माण गर्न बजेटको व्यवस्था गरेको छु ।

२२.राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने टिमलाई आर्थिक सहायता प्रदान गर्न, स्थानीय संघसंस्था समेतको सहभागीतामा विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन र पालिकास्तरिय खेलकुद संचालन गर्नका लागि बजेटको व्यवस्था गरेकोछु ।

२३.अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मानिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पंहुच बढाउन उनीहरुलाई सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरेको छु

आदरणीय सभासदस्य ज्युहरु,

सामाजिक विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी ६ करोड ७२ लाख ५ हजार विनियोजन गरिएकोछु । त्यसबाहेक संघीय सरकाकर र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास गरिएकोछ ।

ग. पुर्वाधार विकास सम्बन्धी कार्यक्रमहरुः

२४.गाउँपालिकाको प्रशासकीय भवन निमार्णका लागि पर्याप्त बजेट विनियोजन गरेकोछु र संघीय एवं प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेतबाट अस्पतालको भवन निर्माण, वडा कार्यालय भवन, स्वास्थ्य भवन निर्माणमा बजेटको ब्यवस्था मिलाइएको छ र सूचना प्रविधि, ढल नाला निर्माण, खोप केन्द्र लगायतमा बजेट थप गरेकोछु ।

२५.गाउँपालिका क्षेत्रभित्र सडक संजाल निर्माणका लागि सडक गुरुयोजना तयार गरी वडा नं. १ देखि ९ सम्म सजिलै पुग्ने गरी प्रतापपुर चक्रपथ (रिंगरोड) निर्माणका लागि बजेट विनियोजन गरेकोछु।

२६.संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा ठूला योजनाहरु संचालन गर्ने गाउँपालिकाको नीति अनुसार प्रदेश सरकारबाट समपुरक अनुदानमा प्राप्त वडा न ५ र ८ को वडा कार्यालय निर्माणमा १ करोड ५० लाख रकममा आ.ब. २०७९/८० मा सम्पन्न नभएकोले गाउँपालिकाबाट समपुरक बजेट विनियोजन गरिएको छ । साथै प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानको लागि गाउँपालिकाबाट समपुरक कोषको ब्यवस्था गरिएको छ ।

२७.घर बार विहिन अति विपन्न परिवारलाई आवास निर्माणमा सहयोग गर्न प्रदेश तथा संघीय सरकारबाट बजेट विनियोजन गरिएकोछ र कृषि बाटो निर्माण, घर नम्बरिङ, नक्सा पास, सडक सेन्सर बत्ती, खानेपानी जस्ता कार्यक्रममा बजेट विनियोजन गरेकोछु।

२८.मर्मत सम्भार कोषको व्यवस्था गरी मौसम तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको मर्मतसम्भार गर्ने ब्यवस्थाको लागि मर्मत सम्भार कोषको ब्यवस्था गरिएको छ ।

पूर्वाधार विकासको क्षेत्रमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रम गरी १३ करोड ४ लाख ६४ हजार मात्र विनियोजन गरिएको छ । त्यसबाहेक संघीय सरकार र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास गरिएको छ ।

घ. वातावरण तथा विपद व्यवस्थापन

आदरणीय सभासदस्य ज्युहरु,

२९.विपदहरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रुपमा विपदको ब्यवस्थापन गर्न विपद ब्यवस्थापन कोषमा रु ३५ लाख रकम ब्यवस्था गरेकोछु ।

३०.नदीजन्य पदार्थको उपभोग गर्दा आवश्यकता अनुसार IEE र EIA गराई मापदण्डको परिपालना गर्ने गराउने नीति अनुरुप बजेट ब्यवस्था गरिएकोछ ।

३१.पूर्ण सरसफाइको कार्यक्रम आरम्भ गरी आवश्यक सार्वजनिक स्थानहरुमा समुदायले संचालन र संरक्षणको जिम्मा लिने गरी सार्वजनिक शौचालयको निर्माण गर्ने नीति अनुसार बजेट विनियोजन गरिएकोछ ।

ङ. सुशासन तथा संस्थागत विकासः

३२.अन्तरपालिका समन्वयमा सार्वजनिक सेवाको व्यवस्थापन तथा संचालन गर्न छिमेकी न.पा. तथा गा.पा.हरुसंग साथै प्रदेश र केन्द्रहरुसंग समन्वय गरी आवश्यक कार्यक्रम अगाडी बढाइने नीति अनुसार बजेट विनियोजन गरिएकोछ ।

३३.अनुत्पादक खर्चहरु कटौती गर्ने नीती अवलम्बन गरिनेछ । खरिद प्रकृयालाई पारदर्शी, प्रतिसपर्धी एवं मितव्ययी बनाईनेछ ।

३४.समयमा कर तिरौं गाउँपालिकाको विकासमा सहभागि बनौं भन्ने कुरा सबै करदातालाई बुझाउन करदता शिक्षा, कर सप्ताह जस्ता चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३५.प्राकृतिक श्रोत तथा नदीजन्य पदार्थहरुको उचित व्यवस्थापनगरी आन्तरिक राजस्व बढाउने तथा करका दायराहरु बढाई गाउँपालिकाको आय श्रोत बृद्धिका गर्दै लैजाने नीति अनुसरण गरिनेछ ।

३६.न्यायिक कार्यलाई ब्यवस्थित एवम विश्वासयोग्य, पारदर्शी बनाउदै लगिनेछ। मेलमिलापकको माध्यमबाट समाजमा सामाजिक सहिष्णुता बढाउने विषयलाई जोड दिइने नीति अनुसार बजेट विनियोजन गरिएकोछ ।

३७.सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कृयाकलापको माध्यमबाट पारदर्शिता अभिबृद्धि गर्दै लगिने छ र सोको लागि बजेट विनियोजन गरिएको छ ।

३८.सूचनापाटी सञ्चालन तथा गाउँपालिकाको पाश्वचित्र प्रकाशन लगायतका सूचना सामाग्रीहरुको प्रकाशन तथा वितरण गर्न, योजना, जिन्सी लगायतको क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सि टि.भि क्यामरा जडान गर्ने, संचार माध्यमबाट विद्युतीय सिकाई र गाउँपालिकका, वडा कार्यालय, विद्यालयहरु स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको ब्यवस्थापन गर्न बजेट विनियोजन गरिएको छ

उमेश चन्द्र यादव
अध्यक्ष

३९.कार्यालय संचालन खर्च औचत्यिका आधारमा मितव्ययिता र पारदर्शीता कायम गरी गरिने छ । उपभोक्ता समितिको क्षमता अभिबृद्धि गर्ने र टोलविकास संस्था गठन गर्ने नीति अनुसार बजेट विनियोजन गरिएको छ

४०.आन्तरिक लेखा नियन्त्रण प्रणाली अबलम्वन गर्दै आन्तरिक तथा अन्तिम लेखा परीक्षण समयमै सम्पन्न गराउदै बेरुजु फछ्यौंट कार्यलाइ प्राथमिकता दिइने छ ।

४१.सुशासनयुक्त संरचनाको रूपमा गाउंपालिकालाई स्थापित गरिने छ । **"सुशासनमा अभिवृद्धि, प्रतापपुरको सम्बृद्धि"** लाई सफल पार्न गाउँपालिकामा सेवा प्रवाहको समग्र पक्रिया सहितको नागरिक वडापत्र पुस्तिका प्रकाशन गरी सबै नागरिकहरुको हातहातमा नागरिक वडापत्र वितरण गर्न बजेटको व्यवस्था गरिएको छ ।

४२.सामाजिक सुरक्षा भत्ता ब्यवस्थित र सरल तरिकाले बैंक मार्फत वितरण गर्न बजेटको ब्यवस्था गरिएको छ

सुशासन तथा संस्थागत विकास क्षेत्रमा रु ४ करोड ७ लाख ७ हजार विनियोजन गरेकोछु ।

आदरणीय सभासदस्य ज्युहरु,

च. कार्यालय सन्चालन तथा प्रशासनिक क्षेत्र

प्रतापपुर गाँउपालिकाको लागी यस आ.ब.मा प्रशानिक खर्च तथा कार्यालय सन्चालनमा आउन नसक्ने मालसमान खरीद घटाउदै लगिनेछ ।

सम्पुर्ण कार्यालयको खर्च व्यवस्थापन गर्न गाँउपालिका तथा वडा कार्यालयहरुका लागी एकमुष्ट रु.११ करोड बजेट बिनीयोजन गरेको छु ।

गाउँपालिकाबाट बाडफाँड हुने रकमको क्षेत्रगत व्यव अनुमान यस प्रकार रहेकोछ-

क्र.स.	बिषय क्षेत्र	प्रतिशत	विनियोजित रकम
१	आर्थिक बिकास	१२.१६%	४ करोड ९६ लाख १७ हजार
२	सामाजिक बिकास	१६.५%	६ करोड ७२ लाख ०५ हजार
३	पुर्वाधार बिकास	३२.२%	१३ करोड ५ लाख ७१ हजार
४	शुसासन अन्तगर्त सम्बन्धित	१०%	४ करोड ७ लाख ७ हजार
५	वातावरण तथा विपद व्यवस्थापन	२.३४%	९६ लाख
६	कार्यालय सन्चालन तथा चालु खर्च	२६.९८%	११ करोड
	गाउँपालिकाबाट जम्मा		४० करोड ७७ लाख
७	संघीय सरकार शर्शत चालु र पूजीगत अनुदान तर्फ		२९ करोड ३१ लाख
८	प्रदेश सरकार शर्शत अनुदान तर्फ		एकिन हुन नसकेको
	कुल जम्मा		**७० करोड ०८ लाख**

आदरणीय सभाका सदस्यज्यू ,

उमेश चन्द्र यादव
अध्यक्ष

म आ.ब.२०८०/८१ को लागि बिनियोजन भएको रकम रु. ७० करोड ०८ लाख बजेट रकमका योजनाहरु तथा आयेजनाहरु र कार्यक्रममा विनियोजन गरिएको रकम विभिन्न अनुसुचिमा रहेको कुरा जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

म बाह्रौ गाउँ सभाबाट स्वीकृत भएका कार्यक्रम तथा आयोजनाहरु निर्वाचन लगायतका कारणबाट प्रभावित रहेको हुदाँ गाउँ कार्यपालिकाबाट संसोधन भएका कार्यक्रम तथा आयोजना संशोधन तथा अनुमोदनका लागि पेश गर्दछु ।

यस बजेट बक्तव्यमा सबै बिषय क्षेत्र समाबेस भएका छन, हाम्रो आय श्रोतको पर्याप्तताको कमीले सबै योजना तथा कार्यक्रम समाबेस गर्न नसकेपनि आगामी वर्षहरुमा क्रमश समाबेश गर्दै जाने छौं । यस बजेटमा समाबेश नभएका बजेट अंक र यसमा बिनियोजन भएको बिस्तृत रुप उल्लेख नगरिएको हुँदा बजेटको योजना र कार्यक्रम तथा आय ब्ययको विस्तृत विवरण अनुसूचीहरूमा र विनियोजन विधेयकमा समावेश गरिएको छ। राजस्व तथा करका दरहरूको विस्तृत विवरण आर्थिक ऐनमा समाबेश गरिएको छ । अन्य सेवा सुबिधा लगायत बिभिन्न विषयका बजेट रकमहरु हाम्रै पालिकाको नीतिगत निर्णयमा समाबेश भएकाले यी सबै लाई यसैको अंग मानेको छु ।

बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी **"हामी सबैको सार्थक प्रयास, प्रतापपुरको समग्र विकास"** लाई साकार बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम प्रतापपुर गाउंपालिकाबासी नागरिकहरु, राजनीतिक दल, बुद्धिजीवी समाजसेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा यस गाउँपालिकाले दिर्घकालिन सोच, उदेश्य, प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनु हुने सम्पुर्ण सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुध्दिजिवि, समाजसेवी, शिक्षक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गरी यस गाउँपालिकालाई समृद्ध बनाउन सबैको साथ, सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा मागदछु ।

धन्यवाद, जय प्रतापपुर ।

०८०।०२।१८

मान कुमारी चौधरी
उपाध्यक्ष, प्रतापपुर गाउँपालिका

मान कुमारी चौधरी
उपाध्यक्ष

२०८०।३।०८

उमेश चन्द्र यादव
अध्यक्ष